जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए हुर्किएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

सबै क्षेत्रको प्रवर्द्धनको गुरु

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी ह.द.नं. ४/०८०/८१

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि

विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:-
९८२४८७७६२७
Gmail :-
Jaleshwortoday
@gmail.com

बर्ष १३ • अंक ३०७ • २०८३ भदौ १० गते बुधवार • 26 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-

## जनकपुरधामका दुई चिकित्सकलाई उच्च अदालत जनकपुरधामद्वारा कैद तथा जरिवानाको फैसला



**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ भदौ**

यौनजन्य अपराधसम्बन्धी घटनामा पीडितको स्वास्थ्य परीक्षणको गलत प्रतिवेदन तयार पारेको ठहर गर्दै जनकपुरधामका दुई चिकित्सकलाई उच्च अदालत जनकपुरधामले कैद तथा जरिवानाको फैसला गरेको छ । अदालतले डा. विजयकुमार सिंह र डा. रम्भा गोइतलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको हो । करिब आठ वर्षअघि धनुषाको जनकनन्दिनी गाउँपालिका-४ खजुरीमा १२ वर्षीया बालिकामाथि भएको बलात्कार घटनाको स्वास्थ्य परीक्षण प्रतिवेदन विवादमा आएपछि चिकित्सकद्वय माथि अनुसन्धान र कानुनी प्रक्रिया अघि बढेको थियो । घटनापछि चिकित्सकद्वयले संयुक्त रूपमा तयार पारेको मेडिकल रिपोर्टमा बालिकामाथि बलात्कार भएको कुनै लक्षण नदेखिएको उल्लेख गरिएको थियो । तर, पीडित पक्षले उक्त प्रतिवेदनप्रति असन्तुष्टि जनाएपछि प्रहरीले बालिकाको पुनः स्वास्थ्य परीक्षण जिल्ला अस्पताल सिरहामा गराएको थियो । दोस्रो परीक्षणबाट भने बलात्कार भएको देखिने प्रतिवेदन आएको थियो ।

एउटै घटनामा दुई फरक मेडिकल रिपोर्ट आएपछि चिकित्सकद्वयको भूमिकामाथि अनुसन्धान भएको थियो । यसक्रममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले भ्रष्टाचार सम्बन्धी मुद्दा विशेष अदालतमा दायर गरेको थियो भने फौजदारी कसुरसम्बन्धी मुद्दा नेपाल सरकारको तर्फबाट अघि बढाइएको थियो । विशेष अदालतले यसअघि चिकित्सकद्वयलाई जनही ६ महिना कैद र २५ हजार रुपैयाँ जरिवाना हुने फैसला गरेको थियो । उक्त फैसलाविरुद्ध सिंह र गोइतले उच्च अदालत जनकपुरधाममा पुनरावेदन गरेका थिए । पुनरावेदनमाथि सुनुवाइ गर्दै न्यायाधीशद्वय हरिप्रसाद फुयाल र मेघराज पोखरेलको संयुक्त इजलासले असार १८ गते फैसला सुनाउँदै विशेष अदालतको फैसला केही उल्ट्याएको हो । उच्च अदालतले दुवै चिकित्सकलाई जनही तीन महिना कैद र २० हजार रुपैयाँ जरिवाना तोकेको छ ।

फैसलाअनुसार यसअघि पुर्पक्षका क्रममा थुनामा बसेको दुई दिन कैदमा गणना गरिनेछ । बाँकी कैद असुलका लागि सम्बन्धित जिल्ला अदालतमा लगत पठाउनसमेत आदेश दिइएको छ । यसअघि राखिएको जनही २० हजार रुपैयाँ धरौटीबाटै जरिवाना असुल गर्न अदालतले आदेश दिएको छ ।

उच्च अदालतले यस प्रकरणलाई चिकित्सकको व्यक्तिगत जिम्मेवारीसँग मात्र सीमित नगरी नेपालको चिकित्सा कानुनी प्रणालीको विश्वसनीयतासँग समेत जोडेको छ । अदालतले चिकित्सा कानुनी परीक्षण र त्यसबाट तयार हुने प्रतिवेदनको गुणस्तर, विश्वसनीयता तथा एकरूपता सुनिश्चित गर्न सम्बन्धित निकायलाई सुधारात्मक निर्देशन दिएको छ। अदालतले मधेश प्रदेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, नेपाल मेडिकल काउन्सिल र चिकित्सा शिक्षा आयोगलाई चिकित्सा कानुनी परीक्षण प्रणालीलाई संस्थागत र व्यवस्थित बनाउन आवश्यक कदम चाल्न निर्देशन दिएको छ। त्यस्तै, चिकित्सा शिक्षाको पाठ्यक्रममा चिकित्सा कानुनी तथा फोरेन्सिक मेडिसिन सम्बन्धी विषयवस्तु आवश्यकता अनुसार समावेश तथा परिमार्जन गर्न, विशेषज्ञ जनशक्ति उत्पादन र व्यवस्थापनमा ध्यान दिन तथा चिकित्सकका लागि विशेष तालिम र क्षमता अभिवृद्धिका कार्यक्रम सञ्चालन गर्न अदालतले भनेको छ ।

## एक वर्षमै झण्डै दुई हजार उद्योग तथा व्यवसाय बन्द

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ भदौ**




मधेश प्रदेशमा आर्थिक गतिविधिमा देखिएको सुस्तता र लगानीको वातावरण कमजोर बन्दै जाँदा एक वर्षमै झण्डै दुई हजार उद्योग तथा व्यवसाय बन्द भएका छन् । मधेश प्रदेश सरकारको उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयका अनुसार आर्थिक वर्ष २०८२/८३ मा प्रदेशभर १ हजार ९३८ उद्योग तथा व्यवसायको लगत कट्टा भएको छ ।

यसमध्ये ८२१ उद्योग र १ हजार ११७ वाणिज्यतर्फका व्यवसाय रहेका छन् । मन्त्रालयका सूचना अधिकारी उपेन्द्रकुमार महतोका अनुसार सोही अवधिमा प्रदेशमा ५ हजार ६८ नयाँ उद्योग दर्ता भएका छन् ।

नयाँ उद्योग दर्तामा पर्सा सबैभन्दा अगाडि रहेको छ । पर्सामा १ हजार १०१, धनुषामा ७७७, बारामा ६३९, सर्लाहीमा ६३६, सिरहामा ५५४, रौतहटमा ५३३, महोत्तरीमा ५१४ र सप्तरीमा ३१४ नयाँ उद्योग दर्ता भएका छन् । उद्योगतर्फ भने नयाँ दर्तासँगै नवीकरण गर्नेको संख्या पनि उल्लेख्य देखिएको छ ।







## सार्वजनिक यातायातको मर्यादित प्रयोग गरौं

- सार्वजनिक यातायातका साधनको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- सवारी चढ्ने र ओर्लने क्रममा सडक अनुशासन र पालोको पालना गरौं,
- ज्येष्ठ नागरिक, गर्भवती महिला, अपाङ्गता भएका व्यक्ति तथा बालबालिकालाई प्राथमिकता दिऔं,
- सार्वजनिक यातायातमा धूम्रपान गर्ने, फोहोर फाल्ने तथा होहल्ला गर्ने कार्य नगरौं,
- चालक तथा सहचालकसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- चालक तथा सहचालकले यात्रुसँग सभ्य र सम्मानजनक व्यवहार गरौं,
- सवारी साधनको क्षमता भन्दा बढी यात्रु नचढौं/नचढाऔं,
- ट्राफिक नियमको पालना गरी सुरक्षित यात्रामा सहयोग गरौं,
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्दै स्वच्छ र सुरक्षित यात्रा संस्कृतिको विकास गरौं ।

**अनुशासित यात्रा गरौं, सुरक्षित गन्तव्यमा पुगौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक
www.jaleshwortoday.com
जलेश्वर टुडे
Jaleshwor Today National Daily
एक कदम अगाडि



सम्पादकीय...................

# अपराधीलाई दण्ड दिनुपर्छ

फौजदारी न्याय प्रणालीको मूल मर्म भनेको अपराधीलाई दण्ड दिनु र निर्दोषलाई बचाउनु रहेको देखिन्छ । लोकतान्त्रिक मुलुकमा नागरिकको जिउ, ज्यान र स्वतन्त्रताको रक्षा गर्ने प्रमुख दायित्व राज्यको रहेको देखिन्छ । तर, कहिलेकाहीँ अपराध नियन्त्रण गर्ने नाममा राज्यको दण्डात्मक शक्ति (अभियोजन प्रणाली) नागरिकमाथि भारी पर्न सक्ने देखिन्छ। त्यसैले, फौजदारी न्यायको विधिशास्त्रले 'अभियोजनमा राज्यको संयमता' लाई एक अनिवार्य सर्त मानेको देखिन्छ । नेपालको वर्तमान सन्दर्भमा यो विषय झन् पेचिलो र बहसयोग्य बन्दै गएको देखिन्छ । फौजदारी न्याय प्रणालीको विधिशास्त्रीय मान्यता अनुसार कसैलाई जसरी पनि सजाय दिलाउनु होइन, वास्तविक अपराधको निष्पक्ष अनुसन्धान गरी दोषीलाई कानुन बमोजिम दण्डित गर्नु र निर्दोष व्यक्तिलाई राज्यको अभियोजनबाट सुरक्षित राख्नु रहेको देखिन्छ। त्यसैले फौजदारी मुद्दामा राज्यको सफलता अभियुक्तलाई दोषी ठहर गराउन सक्नुमा मात्र मापन हुँदैन; बरु निष्पक्ष, वस्तुनिष्ठ, प्रमाणमा आधारित र कानुनसम्मत अभियोजन गर्न सक्नुमा मापन हुने देखिन्छ ।

फौजदारी न्यायमा राज्यसँग अत्यन्त शक्तिशाली संयन्त्र हुन्छ, प्रहरी अनुसन्धान, सरकारी वकिल, पक्राउ, हिरासत, अभियोग, मुद्दा दायर र राज्यको सम्पूर्ण संस्थागत शक्ति । अर्कोतर्फ अभियुक्त सामान्यतया राज्यको तुलनामा स्रोत र शक्तिका दृष्टिले कमजोर हुने देखिन्छ। यही असमानतालाई सन्तुलित गर्न संविधान र फौजदारी न्यायका सिद्धान्तले राज्यको अभियोजन शक्तिमाथि कानुनी सीमारेखा कोरेको देखिन्छ ।

# मधेश प्रदेशका मुक्त हरवाचरवाद्वारा जनकपुरधाममा दबाबमूलक र्‍याली प्रदर्शन

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ भदौ**

आफ्नो पहिचान, अधिकार र पुनःस्थापनाको माग गर्दै मधेश प्रदेशका मुक्त हरवा चरवाले सोमबार जनकपुरधाममा दबाबमूलक र्‍याली प्रदर्शन गरेका छन् ।



मधेश प्रदेशका आठवटै जिल्लाबाट आएका मुक्त हरवा चरवा, अधिकारकर्मी तथा सामाजिक अभियन्ताको सहभागितामा नवगठित हरवा चरवा संघर्ष समितिको आयोजनामा र्‍याली निकालिएको हो । प्रदेश सरकारले मुक्त हरवा चरवाका समस्या र माग सम्बोधन गर्नुपर्ने भन्दै सरकारको ध्यानाकर्षण गराउने उद्देश्यले र्‍याली आयोजना गरिएको समितिले जनाएको छ । जनकपुरधामस्थित रेलवे स्टेशनबाट सुरु भएको र्‍याली नगरका विभिन्न मुख्य सडक हुँदै मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको मूल गेटसम्म पुगेको थियो ।

र्‍यालीमा सहभागीहरूले मुक्त हरवा चरवाको पहिचान सुनिश्चित गर्नुपर्ने, उचित पुनःस्थापना गर्नुपर्ने तथा शिक्षा, स्वास्थ्य, रोजगारी र जीविकोपार्जनका अवसर उपलब्ध गराउनुपर्ने माग गरेका थिए। संघर्ष समितिका सदस्य लागेन्द्र सदाले सरकारले माग सम्बोधनका लागि ठोस प्रतिबद्धता नजनाएसम्म आन्दोलन जारी रहने बताए। उनका अनुसार हरवा चरवा प्रथा अन्त्य भएको घोषणा गरिए पनि त्यसबाट मुक्त भएका धेरै परिवार अझै भूमि, आवास, रोजगारी र सामाजिक सुरक्षाजस्ता आधारभूत अधिकारबाट वञ्चित छन् । मुक्त हरवा चरवाको जीवनस्तर सुधारका लागि राज्यले प्रभावकारी पुनःस्थापना कार्यक्रम सञ्चालन गर्नुपर्ने उनीहरूको माग छ । विगतमा गरिएका घोषणा र प्रतिबद्धता कार्यान्वयनमा नआएको भन्दै उनीहरूले प्रदेश सरकारलाई तत्काल ठोस कदम चाल्न आग्रह गरेका छन् । संघर्ष समितिले आन्दोलनको दोस्रो चरणअन्तर्गत भदौ १० गते बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयअगाडि धर्ना दिने जनाएको छ। धर्नाका क्रममा प्रदेश सरकारलाई मागपत्र बुझाउँदै मुक्त हरवा चरवाका समस्या तत्काल सम्बोधन गर्न दबाब दिने समितिको तयारी छ । समितिले सरकारले माग सम्बोधनमा बेवास्ता गरे आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत दिएको छ ।

# मधेश प्रदेश सरकारद्वारा प्रदेश प्रहरीलाई विभिन्न सञ्चार सामग्री हस्तान्तरण

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, ९ भदौ**

मधेश प्रदेश सरकारले प्रदेश प्रहरीको सञ्चार प्रणालीलाई थप प्रभावकारी र प्रविधिमैत्री बनाउन विभिन्न सञ्चार सामग्री हस्तान्तरण गरेको छ ।



मधेश प्रदेशको गृह, सञ्चार तथा कानुन मन्त्रालयले खरिद गरेका सञ्चार सामग्री मन्त्रालय परिसरमा आयोजित एक कार्यक्रमबीच मधेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले मधेश प्रदेश प्रहरी कार्यालयका प्रमुख ओमप्रसाद अधिकारीलाई हस्तान्तरण गरेका हुन् ।

सञ्चार प्रणालीलाई आधुनिक र व्यवस्थित बनाउँदै प्रहरीका विभिन्न इकाइबीच सूचना आदानप्रदान तथा समन्वयलाई सहज बनाउने उद्देश्यले सामग्री उपलब्ध गराइएको मन्त्री महतोले बताए । उनका अनुसार सुरक्षित र शान्त मधेश निर्माणका लागि प्रहरीलाई आवश्यक स्रोत साधन सम्पन्न बनाउनु प्रदेश सरकारको प्राथमिकतामा रहेको छ ।

मन्त्री महतोले शान्ति सुरक्षा कायम गर्न प्रहरीको भूमिका महत्वपूर्ण रहेको उल्लेख गर्दै आवश्यक प्रविधि तथा उपकरण उपलब्ध गराउन प्रदेश सरकार प्रतिबद्ध रहेको बताए । सञ्चार साधनको पर्याप्त उपलब्धताले सुरक्षा व्यवस्थापन, सूचना सम्प्रेषण र प्रहरीबीचको समन्वयलाई थप चुस्त बनाउन सहयोग पुग्ने उनको भनाइ छ। मन्त्रालयका अनुसार हस्तान्तरण गरिएका सञ्चार सामग्रीको प्रयोगसँगै प्रदेश प्रहरीका विभिन्न कार्यालय तथा सुरक्षा इकाइबीच सूचना आदानप्रदान थप प्रभावकारी हुने विश्वास गरिएको छ । विशेषगरी सुरक्षा चुनौतीका समयमा प्रहरीको तत्काल समन्वय र परिचालनमा यसले सहयोग पुग्ने मन्त्रालयको विश्वास छ ।

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
औरही गाउँपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

## तपाईको टुडे

मेष: विचार गरेर बोल्नुहोला
वृष: पिछडेको साथी मिल्ने
मिथून: खानपानमा समस्या आउने
कर्कट: अनावश्यक चिन्ता
सिंह: अशुभ समाचार प्राप्त हुने
कन्या: मनमा पछुतो आउने
तुला: शुभ कार्यको शुरुवात
वृश्चिक: मित्रतामा फाटो आउने
धनु: पढाईमा ध्यान दिनुपर्ने
मकर: अनावश्यक खर्चको संभावना
कूम्भ: लामो यात्राको योग छ
मीन: आम्दानी हुने


## मधेश प्रदेशको गौरव

श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।




आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा



## आवश्यक टेलिफोन नम्बरहरु



### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

## जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

## जानकी मन्दिर पुजाआजा





बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : निःशुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

## मटिहानी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
### धिरापुर, महोत्तरी
मधेस प्रदेश,नेपाल

## मौजुदा सूची दर्ता गराउने सम्बन्धि सूचना

प्रथम पटक प्रकाशित मिति : २०८३।०५।१०

यस मटिहानी नगरपालिकाको लागि चालु आ.व.२०८३।०८४ मा आवश्यक पर्ने समान तथा खरिद गर्न सार्वजनिक खरिद ऐनको दफा ६(क) र सार्वजनिक खरिद नियमावली २०६४ को नियम १८ मा भएको कानूनी व्यवस्था बमोजिम तपसिलको कार्य गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीले मटिहानी नगरपालिका नगर कार्यपालिकाको कार्यालयमा मौजुदा सूचीमा सूचीकृत हुनका लागि सार्वजनिक खरिद नियमावलि २०६४ को अनुसूची २ (क) बमोजिमको ढाँचामा दरखास्त पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. कार्यालय संचालन सम्बन्धी (मसलन्द,स्टेशनरी,छपाई आदि) आपूर्ति ।
२. विभिन्न प्रकारका फर्निचर तथा फर्निसिङका सामान आपूर्ति तथा मरम्मत सम्भार सम्बन्धी कार्य ।
३. मेशिनरी औजार,कम्प्यूटर, प्रिन्टर,फ्याक्स,फोटोकाँपी,टेलिफोन सेट तथा कम्प्युटर सम्बन्धी पार्टपुर्जाहरु ।
४. निर्माण कार्य तथा निर्माण सामाग्रीहरु आपूर्ति सम्बन्धी कार्य ।
५. विज्ञापन तथा सूचना प्रकाशन,प्रसारण सम्बन्धी सेवाहरु ।
६. सवारीसाधन,सवारीसाधनका पार्टपुर्जाहरु सप्लाई तथा मर्मत सम्बन्धी कार्य ।
७. विद्युतिय सामाग्री तथा उपकरण मर्मत सम्भार तथा सप्लाई सम्बन्धी कार्य ।
८. कृषिजन्य औजार,उपकरण,औषधी र विउ विजन आपूर्ति सम्बन्धी कार्य ।
९. पशु सेवा सम्बन्धी कार्य ( औषधी,उपकरण,आदि ) ।
१०. स्वास्थ्य सम्बन्धी औषधी,उपकरण तथा परामर्श सेवा सम्बन्धी कार्य ।
११. कम्प्यूटर तथा अन्य तालिम सम्बन्धी कार्य ।
१२. ईन्टरनेट सम्बन्धी सेवाको कार्य ।
१३. सूचना प्रविधि सम्बन्धी विभिन्न सेवा,सफ्टवेयर तथा हार्डवेयर निर्माण तथा जडान सम्बन्धी कार्य ।
१४. प्राविधिक तथा अन्य प्रशासनिक कार्यको परामर्शदाता तथा अन्य सेवा सम्बन्धी कार्य ।
१५. अन्य मालसामान तथा सेवा सम्बन्धी कार्य ।

**दरखास्त साथ पेश गर्नु पर्ने कागजातहरु :**

१. मौजुदा सूचीमा दर्ता हुन चाहेको सम्बन्धी निवेदन ।
२. संस्था,फर्म तथा कम्पनी दर्ताको प्रमाणित प्रतिलिपि ।
३. स्थायी लेखा नम्बर वा मू.अ.कर दर्ता प्रमाणपत्रको प्रतिलिपि ।
४. व्यवसायिक इजाजतको प्रमाणपत्रको प्रतिलिपि ।
५. यस नगरपालिका क्षेत्रभित्र रहेका व्यवसायीहरुको हकमा यस नगरपालिकाबाट लिएको व्यवसाय प्रमाणपत्रको प्रतिलिपि ।
६. आ.व.२०८२/०८३ को सबै कर चुक्ता गरेको प्रमाणपत्रको प्रतिलिपि ।
७. राजस्व शाखामा सूचीकृत दस्तुर तिरेको नगदी रसिद ।

**थप जानकारीहरु :**

१. आवश्यक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको,आवश्यक शुल्क नतिरेको वा रीत नपुगेको निवेदन उपर कुनै कारबाही गरिने छैन ।
२. सूचीकृत भएका विक्रेता फर्म,संस्था वा कम्पनीहरुबाट कार्यालयको आवश्यकता अनुसारको सामान वा सेवा खरिद गरिने छ ।
३. सूचीकृत भएका विक्रेता फर्म,संस्था वा कम्पनीहरुले सन्तोषजनक सेवा वा समान सप्लाई नगरेको खण्डमा सूचिबाट हटाइने छ । यस उपर कुनै दावि विरोध गर्न पाइने छैन ।
४. कम्पनी,फर्म वा संस्था सूचीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ ।
५. यस सूचना अनुसार दर्ता भएका सूची आ.व.२०८३/०८४ को लागि मात्र मान्य हुने छ ।
६. सूचीकृत हुन चाहने इजाजत प्राप्त दर्ताबाल व्यक्ति,फर्म,कम्पनी तथा संस्थाहरुले आफ्नो फोन नं.,मोबाइल नं.,ईमेल र सम्पर्क व्यक्तिको विवरण अनिवार्य रुपमा उल्लेख गर्नु पर्ने छ ।

**प्रमुख प्रशासकिय अधिकृत**

# इन्स्टाग्राममा अनफलो गरेपछि गोविन्दा र सुनिताबिचको सम्बन्धबारे फेरि अड्कलबाजी सुरु

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ भदौ**



बलिउड अभिनेता गोविन्दा र उनकी पत्नी सुनिता आहूजाबिचको सम्बन्धलाई लिएर फेरि चर्चा सुरु भएको छ ।

दुवैले सामाजिक सञ्जाल इन्स्टाग्राममा एक-अर्कालाई अनफलो गरेका छन् । केही समयअघि उनीहरूबिच मनमुटाव र सम्बन्धविच्छेदका खबरले निकै चर्चा पाएको बेला इन्स्टाग्राममा देखिएको यो परिवर्तनलाई खास रूपमा हेरिएको छ । गोविन्दा र सुनिताको विवाह भएको करिब चार दशक भइसकेको छ। लामो समयदेखि बलिउडका चर्चित जोडीमध्ये पर्ने उनीहरूबिच खटपट र अलग हुने खबरले समर्थकको ध्यान तानेको थियो। सम्बन्धविच्छेदका लागि अदालतमा निवेदन परेको खबर बाहिरिएपछि यो विषय निकै चर्चित बनेको थियो ।

त्यसपछि गोविन्दाका म्यानेजर शशी सिन्हाले सुनिता आहूजाले सम्बन्धविच्छेदको निवेदन फिर्ता लिएको बताएका थिए । उनले गोविन्दा र सुनिता अलग नभइरहेको दाबी समेत गरेका थिए। म्यानेजरको उक्त बयानपछि दुवैको सम्बन्धलाई लिएर चलिरहेका हल्ला शान्त हुने अपेक्षा गरिएको थियो । तर अहिले फेरि इन्स्टाग्राममा दुवैले एक-अर्कालाई अनफलो गरेपछि यो विषय पुनः चर्चामा आएको छ। दुवैको सामाजिक सञ्जाल प्रोफाइलमा देखिएको यो परिवर्तनपछि समर्थक र प्रयोगकर्ताहरूमाझ विभिन्न अड्कलबाजी सुरु भएका छन् ।

सामाजिक सञ्जालमा कसैलाई अनफलो गर्नु नै सम्बन्ध टुटेको वा सम्बन्धविच्छेद भएको प्रमाण भने मान्न सकिँदैन । तर गोविन्दा र सुनिताको मामलामा विगतमा चलेका हल्लाका कारण यो विषयले बढी चर्चा पाएको हो । विगतमा सुनिता पारिवारिक अदालत गएको खबरले पनि उनीहरू अलग हुन लागेको चर्चालाई बल पुऱ्याएको थियो। अर्कातिर गोविन्दाले आफ्नो परिवारका विषयमा मिडिया र सामाजिक सञ्जालमा फैलाइएका झुटा तथा भ्रामक खबरप्रति असन्तुष्टि जनाएका थिए ।

म्यानेजरले सम्बन्ध विच्छेदको निवेदन फिर्ता लिएको र उनीहरू अलग नहुने स्पष्ट पारे पनि इन्स्टाग्राममा देखिएको यो परिवर्तनले धेरैको ध्यान खिचेको छ । यो अनफलो सामाजिक सञ्जालको सामान्य विषय मात्र हो या उनीहरूको सम्बन्धमा पुनः नयाँ मोड आएको हो भन्ने प्रश्न उठेको छ ।

# हसिनालाई दमन गर्न उक्साएको आरोपमा तीन पत्रकार हिरासतमा



**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, ९ भदौ**

बङ्गलादेशको विशेष न्यायाधिकरणले सन् २०२४ को विद्यार्थी आन्दोलनसँग सम्बन्धित मानवताविरुद्धको अपराध मुद्दामा तीन पत्रकारलाई मुद्दाको टुङ्गो नलागेसम्म हिरासतमा राख्न आदेश दिएको छ । उनीहरूको पक्राउ र जमानत अस्वीकारप्रति अन्तर्राष्ट्रिय मानव अधिकार तथा प्रेस स्वतन्त्रता संस्थाले आपत्ति जनाउँदै आरोप फिर्ता लिन आग्रह गरेका छन् । न्यायाधिकरणले एकट्टोर टेलिभिजनका प्रधान सम्पादक मोजाम्मेल बाबु, प्रमुख संवाददाता फरजाना रूपा तथा दैनिक भोरेर कागोजका सम्पादक एवं नेसनल प्रेस क्लबका पूर्व महासचिव श्यामल दत्तलाई हिरासतमा राख्न आदेश दिएको हो ।

उनीहरू सोमबार न्यायाधिकरणमा उपस्थित भएका थिए । न्यायाधीशले अर्को सुनुवाइ अक्टोबर २५ का लागि तोक्दै अनुसन्धान प्रतिवेदन पेस गर्न निर्देशन दिएका छन् । अभियोजन पक्षले तीनै पत्रकारले विद्यार्थी प्रदर्शनकारीमाथि दमन गर्न तत्कालीन प्रधानमन्त्री शेख हसिनालाई उक्साएको आरोप लगाएको छ । अभियोजनकर्ताका अनुसार उनीहरूले जुलाई १४, २०२४ मा पत्रकार सम्मेलनमा हसिनालाई प्रदर्शनकारीबारे उत्तेजक प्रश्न सोधेका थिए । त्यसपछि उनले प्रदर्शनकारीप्रति आपत्तिजनक टिप्पणी गरेको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन बिमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

# अपराध अनुसन्धान : प्रमाण जोगिए, न्याय जोगिन्छ




-जघन्य अपराधमा पहिलो केही घण्टा प्रमाण संरक्षण, घटनास्थल नियन्त्रण, साक्षी पहिचान तथा चिकित्सकीय र फरेन्सिक परीक्षणका लागि निर्णायक हुन्छन् । नेपालमा कानुनी आधार हुँदाहुँदै पनि 'गोल्डेन आवर्स' अनुसन्धान प्रोटोकललाई राष्ट्रिय मापदण्डका रूपमा प्रभावकारी कार्यान्वयन गर्न आवश्यक छ । पक्राउलाई मात्र अनुसन्धानको सफलता नमान्दै वैज्ञानिक, निष्पक्ष र प्रमाणमा आधारित अनुसन्धानमार्फत पीडितलाई न्याय तथा निर्दोषलाई संरक्षण गर्ने प्रणाली विकास गर्नुपर्छ । तीन वर्षीया बालिकाको बलात्कारपछि हत्या भएको घटनाले समाज फेरि स्तब्ध बनेको छ । प्रहरीले केही व्यक्तिलाई पक्राउ गरी अनुसन्धान सुरु गरेको छ । आरोपित पक्राउ पर्नु अनुसन्धानको महत्त्वपूर्ण चरण हो, तर दोष प्रमाणित गर्नु अदालतको काम हो । त्यसैले यो घटनामा निष्पक्ष अनुसन्धान र प्रमाणमा आधारित न्याय अपरिहार्य छ ।

यद्यपि, यस घटनाले प्रश्न उठाउँछ– जघन्य अपराधमा प्रारम्भिक केही घण्टालाई नेपालले कति गम्भीरतापूर्वक लिएको छ ? अपराध अनुसन्धानमा पहिलो केही घण्टा प्रमाण संरक्षण, घटनास्थल नियन्त्रण, सम्भावित साक्षी पहिचान, सीसीटीभी तथा डिजिटल सामग्री सुरक्षित गर्ने र चिकित्सकीय परीक्षण महत्त्वपूर्ण मानिन्छन् । त्यसैले नेपालमा बालबालिकाविरुद्ध हुने बलात्कार, हत्या तथा अन्य गम्भीर अपराधका लागि स्पष्ट 'गोल्डेन आवर्स इन्भेस्टिगेसन प्रोटोकल' आवश्यक छ । यो माग पूर्णतः नयाँ कानुनी अवधारणा होइन ।

मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ ले अपराधको सूचना पाएपछि तत्काल अनुसन्धान, घटनास्थल तथा प्रमाण संरक्षण, घटनास्थल मुचुल्का र आवश्यक परे विशेष अनुसन्धान टोली गठनको कानुनी आधार दिएको छ । अर्थात्, समस्या कानुनी आधारको अभाव होइन, ती व्यवस्था पहिलो घण्टामै कति प्रभावकारी र जिम्मेवार ढंगले कार्यान्वयन हुन्छन् भन्ने हो । विगतका बलात्कार तथा हत्याका घटनाले यसको गम्भीर पक्ष उजागर गरिसकेका छन् । २०७५ साउनमा १३ वर्षीया निर्मला पन्तको बलात्कारपछि हत्या भएको थियो । यस घटनाको अनुसन्धान अझै पूरा भएको छैन । यस घटनाले एउटा कठोर सत्य देखायो– घटना भएको सुरुवाती समयमा भएको अनुसन्धानको कमजोरीले पछि समग्र अनुसन्धान नै कठिन बन्छ । नष्ट भएको प्रमाणलाई नयाँ अनुसन्धानले सधैं ब्युँत्याउन सक्दैन । अपराधको सूचना प्राप्त हुनेबित्तिकै घटनास्थल सुरक्षित गर्नुपर्छ । सम्भावित भौतिक र जैविक प्रमाण पहिचान गरी सुरक्षित गर्नुपर्छ । आवश्यक चिकित्सकीय तथा फरेन्सिक परीक्षण सुरु गर्नुपर्छ । यसलाई 'प्रहरीको राम्रो अभ्यास' मात्र होइन, अनिवार्य अनुसन्धान मापदण्ड बनाउन आवश्यक छ ।हामी किन प्रत्येक नयाँ जघन्य अपराधपछि नयाँ अनुसन्धान टोली गठन गर्ने अवस्थामा पुगिरहेका छौं, जबकि प्रारम्भिक अनुसन्धानमै प्रमाण जोगाउने प्रणालीलाई बलियो बनाउन सकिन्छ ।


त्यसैले 'गोल्डेन आवर्स' अब कानुनी अभ्यास बन्नुपर्छ । नेपालको कानुनमा यससम्बन्धी छुट्टै व्यवस्था नभए पनि यसको मूल भावना मुलुकी फौजदारी कार्यविधि संहितामा स्पष्ट देखिन्छ । अब सरकारले त्यसलाई एउटै स्पष्ट राष्ट्रिय अनुसन्धान प्रोटोकलका रूपमा कार्यान्वयन गर्न सक्छ । अपराधको सूचना प्राप्त हुनेबित्तिकै पहिलो चरणमा घटनास्थल सुरक्षित गर्नुपर्छ । दोस्रो चरणमा सम्भावित भौतिक र जैविक प्रमाण पहिचान गरी सुरक्षित गर्नुपर्छ । तेस्रो चरणमा नजिकका सीसीटीभी, मोबाइल, डिजिटल उपकरण तथा अन्य इलेक्ट्रोनिक प्रमाण तत्काल सुरक्षित गर्नुपर्छ । चौथो चरणमा आवश्यक चिकित्सकीय तथा फरेन्सिक परीक्षण सुरु गर्नुपर्छ । पाँचौं चरणमा सम्भावित साक्षी र घटनासँग सम्बन्धित व्यक्तिको प्रारम्भिक विवरण सुरक्षित गर्नुपर्छ । यसलाई 'प्रहरीको राम्रो अभ्यास' मात्र होइन, अनिवार्य अनुसन्धान मापदण्ड बनाउन आवश्यक छ । अनुसन्धानको पहिलो उद्देश्य 'दोषी खोज्नु' होइन, 'सत्य खोज्नु' हो । जघन्य अपराधमा समाजको आक्रोश स्वाभाविक हुन्छ । तर, अनुसन्धानकर्ताले पनि त्यही आक्रोशमा बग्नु हुँदैन । मुलुकी अपराध कार्यविधि संहिताको दफा ९९ ले अनुसन्धान वा अभियोजन गर्ने अधिकारीले निर्दोष व्यक्तिलाई फसाउने वा वास्तविक कसुरदारलाई जोगाउने बदनियतले अनुसन्धान वा अभियोजन गर्न नहुने स्पष्ट व्यवस्था गरेको छ । त्यसैले 'छिटो अनुसन्धान' को अर्थ 'हतारमा अनुसन्धान' होइन । छिटो हुनुका साथै वैज्ञानिक, निष्पक्ष र प्रमाणमा आधारित हुनु आवश्यक छ । बालबालिकाविरुद्ध हुने यौन अपराधको अनुसन्धानमा पीडितप्रतिको व्यवहार पनि न्यायको हिस्सा हो ।

मुलुकी अपराध संहिता, २०७४ को दफा २१९ ले १८ वर्षभन्दा कम उमेरकी बालिकासँग गरिएको करणीलाई उनको मञ्जुरी भए पनि, जबरजस्ती करणी मान्ने व्यवस्था गरेको छ । बारा घटनाको अनुसन्धानसँगै सरकारले एउटा दीर्घकालीन प्रणाली निर्माण गर्नुपर्छ । प्रत्येक जिल्लामा बालबालिकाविरुद्धका जघन्य अपराध अनुसन्धानका लागि विशेष प्रशिक्षित प्रहरी टोली हुनुपर्छ । फरेन्सिक विज्ञान, डीएनए, डिजिटल फरेन्सिक, घटनास्थल व्यवस्थापन र बाल मनोविज्ञानमा दक्ष जनशक्ति बढाउनुपर्छ । प्रहरी, अस्पताल, फरेन्सिक प्रयोगशाला र सरकारी वकिलबीच तत्काल समन्वय हुने संयन्त्र आवश्यक छ । सबैभन्दा महत्त्वपूर्ण 'गोल्डेन आवर्स प्रोटोकल' लाई स्पष्ट कार्यविधिका रूपमा लागू गर्नुपर्छ । अपराधको सूचना प्राप्त भएपछि पहिलो एक घण्टा, पहिलो ६ घण्टा र पहिलो २४ घण्टामा कुन निकायले के गर्ने भन्ने जिम्मेवारी तोकिनुपर्छ । घटनास्थल सुरक्षित भएन भने कसको जिम्मेवारी ? सीसीटीभी सुरक्षित भएन भने कसले जवाफ दिने ? चिकित्सकीय परीक्षणमा अनावश्यक ढिलाइ भयो भने त्यसको कारण के हो ? यस्ता प्रश्नको जवाफ प्रणालीमै खोजिनुपर्छ । त्यस्तै, गम्भीर अपराधमा अनुसन्धान अधिकारीलाई आवश्यक परे विशेषज्ञसहितको विशेष टोली गठन गर्ने व्यवस्था व्यवहारमा प्रभावकारी बनाउनुपर्छ । मुलुकी फौजदारी कार्यविधि संहिताको दफा १२ ले यस्तो विशेष अनुसन्धान टोली गठन गर्ने आधार दिएको छ । पक्राउलाई अनुसन्धानको सफलता र पक्राउ नपर्नुलाई अनुसन्धानको असफलता मात्र ठान्ने प्रवृत्तिलाई पनि हामीले परिवर्तन गर्नुपर्छ । वास्तविक सफलता भनेको प्रमाणबाट सत्य स्थापित गर्नु हो ।

दोषी हो भने प्रमाणित गर्नु, निर्दोष हो भने गलत अभियोगबाट जोगाउनु र पीडितलाई न्याय दिलाउनु हो । बलात्कारपछि हत्या गरिएकी बालिकालाई अब फर्काउन सकिँदैन । तर उनको घटनालाई केवल अर्को अपराधको समाचार बनाएर बिर्सने हो भने हामीले विगतबाट केही सिकेका छैनौं भन्ने पुष्टि हुन्छ । यदि राज्यले प्रमाण नष्ट हुन नदिने, अनुसन्धान ढिलो हुन नदिने, पीडितलाई जानकारी दिने र दोष प्रमाणित भएपछि जवाफदेहिता सुनिश्चित गर्ने प्रणाली निर्माण गरियो भने हत्या गरिएकी बालिकाप्रति राज्यको वास्तविक उत्तरदायित्व देखिने छ । अन्ततः प्रश्न केवल 'दोषी को हो ?' भन्ने होइन । प्रश्न यो पनि हो- प्रमाण सुरक्षित राख्न राज्यले पहिलो घण्टामा के गर्‍यो ? पहिलो घण्टा गुम्यो भने प्रमाण गुम्न सक्छ । प्रमाण गुम्यो भने अनुसन्धान कमजोर हुन सक्छ । अनुसन्धान कमजोर भयो भने न्याय कमजोर हुन सक्छ । त्यसैले जघन्य अपराधमा 'गोल्डेन आवर्स' विलासिता होइन, बरु न्यायको पहिलो सुरक्षा-रेखा बन्नुपर्छ । कानुनले पहिले नै प्रहरीलाई प्रमाण जोगाउने, घटनास्थल सुरक्षित गर्ने र शीघ्र प्रारम्भिक अनुसन्धान गर्ने दायित्व दिएको छ । अब आवश्यकता नयाँ कानुनको मात्र होइन–विद्यमान कानुनलाई समयमै, वैज्ञानिक रूपमा र जवाफदेहितासहित कार्यान्वयन गर्ने राजनीतिक इच्छाशक्तिको हो । त्यसैले अबको बहस 'नयाँ कानुन चाहिन्छ कि चाहिँदैन ?' भन्दा 'विद्यमान कानुनलाई पहिलो घण्टामै कसरी प्रभावकारी बनाउने ?' भन्ने हुनुपर्छ । यसर्थ, 'गोल्डेन आवर्स' लाई केवल प्रहरीको आन्तरिक अभ्यासमा सीमित राख्नु पर्याप्त हुँदैन । यसलाई स्पष्ट रूपमा राष्ट्रिय अनुसन्धान प्रोटोकलका रूपमा विकास गर्न आवश्यक छ ।

साभार : कान्तिपुर ।

"पत्र-पत्रिकाहरूको कम्प्युटर सेटिङ्ग गर्नका लागि हामीलाई सम्झनुहोस ।"



सम्पर्क –: दिलीप कुमार साह :–
मो.नं.-९८४४०५१४८७ (जनकपुरधाम)
एकचोटी सेवाको मौका अवश्य दिनुहोला

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
मटिहानी नगरपालिकाको कार्यालय
महोत्तरी, मधेश प्रदेश

## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

अनुरोधकर्ता
शहिदनगर नगरपालिकाको कार्यालय
धनुषा, मधेश प्रदेश

प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday